**बैठक संख्या २०**

आज मिति २०७५ साल फागुन १९ गतेका दिन गाउँपालिका अध्यक्ष श्री लछिमन बोहोरा ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

<u>उपस्थितिः</u>

| | |
|---|---|
| श्री लछिमन बोहोरा | अध्यक्ष |
| श्री पुन्नकली महतारा | उपाध्यक्ष |
| श्री दत्त बहादुर बुढा | सदस्य |
| श्री कन्न बोहोरा | सदस्य |
| श्री विर्षराम बोहोरा | सदस्य |
| श्री काली बहादुर रावत | सदस्य |
| श्री डिल बहादुर बुढा | सदस्य |
| श्री धन बहादुर थापा | सदस्य |
| श्री लाल बहादुर बुढा | सदस्य |
| श्री लक्ष्मी बोहोरा | सदस्य |
| श्री जालकली बुढा | सदस्य |
| श्री माया बुढा | सदस्य |
| श्री चैती ऐडी | सदस्य |
| श्री मैना कामी | सदस्य |
| श्री पानकली नेपाली | सदस्य |
| श्री टेक बहादुर बुढ्थापा | सदस्य सचिव |

<u>आमन्त्रितहरुः</u>

| | |
|---|---|
| श्री प्रेम बहादुर शाही | सूचना प्रविधि अधिकृत |
| श्री दान बहादुर विष्ट | ना. सु. |
| श्री महाकृष्ण पाण्डे | लेखापाल |
| श्री अभयराज रेग्मी | ना सु |

**बैठकका एजेण्डाहरु:**

- ❖ घरभाडा सम्बन्धमा
- ❖ अपाङ्गता परिचय वितरणका लागि समन्वय सम्बन्धमा
- ❖ बहुक्षेत्रीय पोषण सम्बन्धमा
- ❖ गाउँपालिका भवनका लागि जग्गा खरिद सम्बन्धमा
- ❖ उर्थु प्रहरी चौकीमा सौर्यउर्जा तथा **CCTV Camera** जडान सम्बन्धा
- ❖ जनप्रतिनीधिहरुका लागि क्षमता विकास तालिम सञ्चालन सम्बन्धमा
- ❖ वडा नं २ को रकम रकमान्तर सम्बन्धमा
- ❖ वडा नं ५ को रकम रकमान्तर सम्बन्धमा

**निर्णयहरु:**

**निर्णय नं.-१**

एजेन्डा नं १ मा छलफल गर्दा यस पातारासी गाउँपालिका अन्तर्गत २ नं र ५ नं वडा कार्यालय र ६ नं मा रहेको अस्थायी प्रहरी चौकी को भाडा सम्बन्धित वडा कार्यालयबाट भुक्तानी गर्ने र जुम्ला बजारमा रहेको विभिन्न सामान खरिद तथा बाहिर जिल्लाबाट आयात गरेको सामानको भण्डारण गर्नका लागि जुम्लाबजारमा ४ वटा कोठा गोदाम भाडा लिन तपशिल बमोजिमका मासिक भाडादरमा विगत श्रावण महिना देखि प्रयोगमा रहेको हुँदा तपशिल बमोजिमका घरभाडा सम्झौता गरी भुक्तानी गर्ने निर्णय गरियो ।

| सि नं | कार्यालय | प्रयोजन | कोठा | मासिक भाडादर |
|---|---|---|---|---|
| १ | २ नं वडा कार्यालय | कार्यालय प्रयोजन | ४ | ५००० |
| २ | ५ नं वडा कार्यालय | कार्यालय प्रयोजन | ५ | ५००० |
| ३ | ६ नं वडामा रहेको अस्थायी प्रहरी चौकी | कार्यालय प्रयोजन | ७ | ५५०० |
| ४ | जुम्ला सदरमुक काम | पातारासी गाउँपालिका गोदाम भाडामा | ४ | ११००० |

**निर्णय नं.-२**

एजेन्डा नं २ मा छलफल गर्दा अपाङ्गत भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ को दफा ४२

तथा अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि २०७५ बमोजिक तपशिल बमोजिमको समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

तपशिलः

- ❖ गाउँपालिका उपाध्यक्ष (श्री पुन्नकली महतारा) संयोजक
- ❖ महिला कार्यपालिका सदस्य (श्री जालकला बुढा) सदस्य
- ❖ प्रधानाध्यपक मध्येबाट (श्री शिवनाथ यादव) सदस्य
- ❖ स्वास्थ्यचौकी प्रमुख मध्येबाट (श्री धनिराम बुढा) सदस्य
- ❖ प्रहरीचौकी डिल्लीचौर प्रमुख सदस्य
- ❖ अपाङ्गता भएका व्यक्तहरुको हकहित र संरक्षणको क्षेत्रमा काम गर्ने संस्थाहरुमध्येबाट १ जना (श्री शिवा बोहोरा) सदस्य
- ❖ गाउँपालिकाको कर्मचारी मध्येबाट श्री शान्ति भक्री (महिला तथा बालबालिका संयोजक) सदस्य
- ❖ अपाङ्गता भएका व्यक्तिहरुमध्येबाट समन्वय समितिले मनोनय गरेका १ जना महिला सहित ३ जना सदस्य

**निर्णय नं.-३**

एजेन्डा नं ३ मा छलफल गर्दा यस पातारासी गाउँपालिकाको आ व २०७५।७६ को वित्तीय समानीकरण अन्तर्गत विभिन्न विषयगत क्षेत्र (पशु,,स्वास्थ्य, शिक्षा,महिला तथा बालबालिका) को लागी विनियोजन गरिएको रु ५ लाखबाट बहुक्षेत्रीय पोषण कार्यक्रका लागि समपूरक कोषको रुपमा प्रत्येक क्षेत्रबाट १, ३५,५७० रकम रकमान्तर गरी बहुक्षेत्रीय पोषण कार्यक्रमलाई रु ६,७७,८५० उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.-४**

एजेन्डा नं ४ मा छलफल गर्दा यस पातारासी गाउँपालिकाको जग्गा खरिदका लागि पूर्व गठित समितिले काम गर्दै आएकोमा सोका लागी विवाद उत्पन्न भएकाले वडा नं ४ र ५ का राजनीति दल, बुद्धिजीविहरुलाई बोलाई विवाद समाधानका लागि तपशिल बमोजिमको पहल समिति गठन गर्ने निर्णय गरियो ।

तपशिलः

श्री लछिमन बोहोरा (गाउँपालिका अध्यक्ष) संयोजक

श्री काली बहादुर रावत (वडाध्यक्ष ४ नं वडा) सदस्य

श्री डिल बहादुर बुढा (वडाध्यक्ष ५ नं वडा) सदस्य

**निर्णय नं.-५**

एजेन्डा नं ५ मा छलफल गर्दा यस पातारासी गाउँपालिका अन्तर्गत वडा नं ६ स्थित उर्थू प्रहरी चौकीमा सौर्यउर्जा तथा **CCTV Camera** जडान भैसकेपछि भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं:-६**

एजेन्डा नं ६ मा छलफल गर्दा यस पातारासी गाउँपालकाका जनप्रतिनिधीहरुको क्षमता विकासका लागि यथासक्य तालिम सञ्चालन गर्नका लागि पेश्की दिने निर्णय गरियो ।

**निर्णय नं:-७**

एजेन्डा नं ७ मा छलफल गर्दा यस पातारासी गाउँपालिका वडा नं २ को वडा कार्यालयको मिति २०७५।११।१० बसेको बैठकले दोस्रो गाउँसभाबाट विनियोजन भएको समपूरक कोषमा रहेको ४ लाख बाट हुरिगाड जलविद्युत वर्षाका कारणले क्षति पुगी सेवा अवरुद्ध भएकोले तत्काल मर्मत गर्नु पर्ने भएको हुँदा समपूरक कोषबाट रु ४ लाख रकम पछि गाउँसभाबाट अनुमोदन हुने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं:-८**

एजेन्डा नं ८ मा छलफल गर्दा यस पातारासी गाउँपालिका वडा नं ५ को वडा कार्यालयको मिति २०७५।११।१४ मा बसेको बैठकले दोस्रो गाउँसभाबाट विनियोजन भएको ओखर खेतीमा विनियोन भएको रु १५ लाख बाट तपशिल बमोजिमका योजनामा विनियोजन गर्ने र उक्त योजनाहरु पछि गाउँसभाबाट अनुमोदन हुने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

**तपशिलः**

- माथीलोर्पा गाउँदेखि छहरासम्म ग्रामीण सडक मर्मत रु ५ लाख
- तलिलोर्पा काठेपूल मर्मत रु १० लाख

**निर्णय नं:-८**

यस पातारासी गाउँकार्यपालिकाको आ व २०७५।७६ को लक्षित वर्ग कार्यक्रम अनुसार दलित, जनजाती तथा विपन्न महिला प्रत्येक वडाबाट ५ जनाका दरले छनोट गरि वेमौसमी तरकारी खेतीको सामाग्री वितरण गर्ने निर्णय गरियो ।

**अर्को आदेश नहुन्जेल सम्मका लागि आजको बैठक स्थगित गरिएको छ ।**